# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा
मधेश प्रदेश, नेपाल
E-mail : sabailamun@gmail.com

प.सं. : २०८०।०८१

**प्रथम पटक प्रकाशित मिति २०८१/०३/१२**

यस नगरपालिकाको आ.व. २०८१।०८२ कार्यसम्पादनका सिलसिलामा नगर कार्यपालिकाको कार्यालय, पदाधिकारी तथा कर्मचारीहरु उपर विभिन्न अदालत तथा न्यायीक निकायमा कार्यसम्पादन सम्बन्धी परेका वा पर्ने उजुरी तथा मुद्दाहरुको बहस, पैरवी, लिखित जवाफ पेश गर्ने लगायत कानूनी प्रतिरक्षा गर्नका लागि आवश्यक अन्य सबै कार्य गर्ने गरी कानुनी प्रतिनिधि/अधिवक्ता चयन गर्नुपर्ने भएकोले अधिवक्ता वा वरिष्ठ अधिवक्ताको कार्य गर्न योग्य व्यक्ति वा संस्थाबाट सात दिन भित्र आवेदन माग गरिएको व्यहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक सेवा**

क) धनुषा जिल्ला अदालत, उच्च अदालत जनकपुर र मधेश प्रदेश भित्रका अदालत तथा न्यायीक निकायमा कानूनी प्रतिरक्षा गर्न एक जना अधिवक्ता ।

ख) सर्वोच्च अदालत तथा मधेश प्रदेश बाहिरका अदालत तथा न्यायीक निकायमा कानूनी प्रतिरक्षा गर्न एक जना अधिवक्ता ।

**योग्यताः** प्रचलित कानून बमोजिम ।

**आवेदन दिने स्थान र विधिः** योग्यता पुगेको प्रमाण सहित यस कार्यालयमा कार्यालय समयमा वा नगरपालिकाको ईमेल sabailamun@gmail.com मा आवेदन दिन सकिनेछ । सो आवेदन पेश गर्न कुनै शुल्क लाग्ने छैन ।

यस सम्बन्धमा विस्तृत जानकारी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२०८१/३/१२

.................
कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत